# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### भुक्तानी प्रणाली विभाग

**विद्युतीय माध्यमबाट कारोबार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकको अनुरोध ।**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमण न्यूनीकरण गर्ने उद्देश्यले विद्युतीय भुक्तानीका उपकरणहरुबाट गरिने कारोबारलाई थप सहज बनाउने सन्दर्भमा बैंक तथा वित्तीय संस्था मार्फत् कारोबार गर्न सकिने ठूलो मूल्यको भुक्तानीका लागि कार्यान्वयनमा ल्याएको RTGS System मार्फत् कारोबार गर्दा हाल लाग्दै आएको शुल्क मिति २०७६/१२/१० देखि अर्को सूचना प्रकाशित नभए सम्म नलाग्ने व्यवस्था गरिएको जानकारी गराइन्छ ।

साथै, बैंक तथा वित्तीय संस्था एवं भुक्तानी सेवा प्रदान गर्ने संस्थाहरुले समेत विद्युतीय भुक्तानीको कारोबारमा शुल्क नलाग्ने व्यवस्था गरिसकेकाले सम्भव भएसम्म नगद कारोवारको सट्टा विद्युतीय माध्यमबाट कारोबार गरी छिटो, छरितो र सुरक्षित कारोबारको फाइदा लिनु हुन सवैमा अनुरोध गरिन्छ ।

मिति : २०७६/१२/०९

भवदीय,

(शुभाष चन्द्र घिमिरे)
का.मु. कार्यकारी निर्देशक